# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : ४ संख्या :१७ पुस १०, २०८१**

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०९/०९ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो ।</td></tr>
<tr><td>२</td><td>यस गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको गाउँ सभा को १६औं अधिवेशन मिति २०८१ साल पुष २३ गते बिहान ११.०० बजे शुभारम्भ गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>३</td><td>गुल्मीदरबार गाउँपालिकाको आ.व.२०८१/०८२ को राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता मिति २०८१ साल पुष १०,११ र १२ गते गुल्मीदरबार गाउँपालिका वडा नं. ३ मा रहेको श्री म्यालपोखरी माध्यमिक विद्यालयमा अध्यक्ष नानिबाबु प्रतिभा प्रष्फुटन कार्यक्रमलाई समेत समेटेर सञ्चालन गर्ने र खेलाडीहरुलाई समावेश गर्नको लागि दुरीको हिसाबले खेलकुद विकास समितिको सिफारिस बमोजिम खर्च व्यवस्थापन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>४</td><td>राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम सञ्चालनको लागि रकम अपुग हुने हुँदा अपुग रकम रु.५०००००।–(पाँच लाख) नगर प्रहरी खर्च शिर्षकमा रहेको रकमबाट रकमान्तर गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>५</td><td>गाउँ शिक्षा योजना तर्जुमाको लागि विज्ञ समिति अर्को कार्यपालिका बैठकबाट गठन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>६</td><td>गुल्मीदरबार गाउँपालिकाबाट मिति २०८१/०९/०१ गते देखि २०८१/०९/०८ गतेसम्म आयोजना गरिएको एकिकृत घुम्ति शिविरको सम्पूर्ण सेवा प्रबाह सम्बन्धी प्रगति विवरण तपशिल बमोजिम भएको हुँदा सबैलाई जानकारी गराइयो ।
<table>
<tr><th>सि. नं.</th><th>विवरण/वडा</th><th>वडा नं. १ देखि वडा नं. ७ सम्मको सेवा प्रवाह</th><th>कै</th></tr>
<tr><td>१</td><td>योजना सम्झौता</td><td>७९ वटा</td><td></td></tr>
<tr><td>२</td><td>MBBS डाक्टरद्वार बिरामी जाँच</td><td>५६२ जना</td><td></td></tr>
<tr><td>३</td><td>गर्भवती भिडियो एक्सरे</td><td>१४ जना</td><td></td></tr>
<tr><td>४</td><td>सुगर परीक्षण</td><td>३४९ जना</td><td></td></tr>
<tr><td>५</td><td>पिसावबाट मृगौला परीक्षण</td><td>१४४ जना</td><td></td></tr>
<tr><td>६</td><td>रक्तचाप परीक्षण</td><td>५६२ जना</td><td></td></tr>
<tr><td>७</td><td>पशुपंक्षी परामर्श</td><td>१५१ जना</td><td></td></tr>
<tr><td>८</td><td>जेष्ठ नागरिक परिचयपत्र</td><td>३७ वटा</td><td></td></tr>
<tr><td>९</td><td>नयाँ व्यवसाय दर्ता/नविकरण/खारेजी /नाम परिवर्तन</td><td>२२१ वटा</td><td></td></tr>
<tr><td>१०</td><td>कृषि सम्बन्धी परामर्श</td><td>१०८ जना</td><td></td></tr>
<tr><td>११</td><td>अपाङ्ग परिचयपत्र वितरण</td><td>६ जना</td><td></td></tr>
<tr><td>१२</td><td>राजश्व संकलन</td><td>रु.२,४४,९२५।-</td><td></td></tr>
<tr><td>१३</td><td>जेष्ठ नागरिक सम्मान</td><td>७६ जना</td><td></td></tr>
<tr><td>१४</td><td>दलित जेष्ठ नागरिक सम्मान</td><td>४४ जना</td><td></td></tr>
</table></td></tr>
<tr><td>७</td><td>गुल्मीदरबार गाउँपालिकामा कार्यरत केहि कर्मचारीहरुको पारिश्रमिक अत्यन्त न्यू रहेको हुँदा तपशिलका कर्मचारीहरुलाई २०८१ साल माघ १ गते देखि लागु हुने गरि मासिक रु.२४०००।– का दरले उपलब्ध गराउने ।<br>तपशिलः<br>➢ वडा नं. ३ को कार्यालय सहयोगी अर्जुन वि.क.</td></tr>
</table>

| | |
|---|---|
| | ➢ गाउँपालिकाको कार्यालय सहयोगी दिनेश अर्याल<br>➢ ठूलाना आधारभूत स्वास्थ्य केन्द्रको कार्यालय सहयोगी भगवती बस्नेत थापा<br>➢ वडा नं. ५ को सहायक कर्मचारी मोहन सिंह तङ्गनामी<br>➢ वडा नं. १ मा रहेको गरिवसँग विश्वेश्वर कार्यक्रमको सामाजिक परिचालक सविना फुङ्गजेली<br><br>र गाउँपालिकाका विभिन्न वडामा कार्यरत डोर हाजिरीका कार्यालय सहयोगीहरुको दैनिक ज्याला २०८१ माघ १ गते देखि लागु हुने गरि हाजिर भएको दिनको दैनिक रु.६६८।– का दरले उपलब्ध गराउने निर्णय गरियो । |
| ८ | गुल्मीदरबार गाउँपालिकाको १५ शैया आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो । |
| ९ | गुल्मीदरबार गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो । |
| १० | गुल्मीदरबार गाउँपालिकाको लागि एक जना सहायक निरिक्षक, एकजना हवल्दार र ५ जना सिपाही गरि जम्मा ७ जना नगर प्रहरीको अस्थायी दरबन्दी श्रृजना गर्ने र आधारभूत अस्पताल सञ्चालनको लागि आवश्यक जन शक्ति आन्तरिक व्यवस्थापन गर्ने र आन्तरिक रुपमा व्यवस्थापन नहुने एक जना फार्मेशी सहायक र एक जना कार्यालय सहयोगीको अस्थायी दरबन्दी श्रृजना गर्ने र नगर प्रहरीमा १(एक) जना हवल्दार, १(एक) जना नगर प्रहरी जवान(महिला) र ३(तीन) जना नगर प्रहरी जवान, फार्मेशी सहायक १(एक) जना र १(एक) जना कार्यालय सहयोगीको पदपूर्तीका लागि विज्ञापन गर्ने निर्णय गरियो । |
| ११ | आधारभूत अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने ल्याव व्यबस्थापनको लागि सामाग्री खरिद गर्न आवश्यक पर्ने रकम रु.५०००००।– उपर्युक्त खर्च शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो । |
| १२ | गाउँपालिकाका नगर प्रहरीहरुको पारीश्रमिक तपशिल बमोजिम कायम गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>➢ सहायक निरिक्षकको मासिक पारिश्रमिक रु.२२०००।–राशन भत्ता रु.३०००।–<br>➢ हवल्दारको मासिक पारिश्रमिक रु.२१०००।– राशन भत्ता रु.३०००।–<br>➢ प्रहरी जवानको मासिक पारिश्रमिक रु.२००००।– राशन भत्ता रु.३०००।- |
| १३ | विविध विषयमा गरिएका निर्णयहरुः<br>➢ छत्रकोट गाउँपालिका वडा नं. ५ का वडा अध्यक्षलाई आर्थिक सहायता रु.५००००।–उपलब्ध गराउने ।<br>➢ नेपाली काँग्रेस गुल्मीदरबार गाउँपालिकाको अधिवेशनको लागि आर्थिक सहयोग रु.३००००।– उपलब्ध गराउने ।<br>➢ हलुका सवारी चालक हिमाल राना अर्घाखाँचीमा भएको गाउँपालिकाको सवारी दुर्घटनामा घाइते भइ उपचारको क्रममा रहेको हुँदा कार्यालयमा हाजिर हुन नसकेको हुँदा निजलाई हाजिर नभएको समयको पारिश्रमिक उपलब्ध नगराउने र निजको करार सम्झौतालाई निरन्तरता दिने निर्णय गरियो<br>➢ वडा नं. ३ को पुर्खे देखि वडा नं. ४ जोड्ने मोटर बाटोमा ठूलो पहिरो गएको हुँदा लागत स्टिमेट बमोजिम काम गराइ मर्मत संभार खर्च शिर्षकबाट रकम भुक्तानी गर्ने । |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत